'जातीय भेदभाव र छुवाछूत अन्त्य तथा दलित अधिकार प्रवर्द्धन सम्वन्धि कार्यविधि-२०७३' को दफा ५.२ अनुसार जिल्ला समन्वय समितिको काम, कर्तव्य र अधिकारहरु देहाय बमोजिम हुन्छन्:

क) दलितको हक संरक्षण र हित प्रवर्द्धनका लागि जिल्लामा संचालित कार्यक्रमको प्रभावकारी कार्यान्वनको लागि आवश्यक सहयोग, सहजिकरण, समन्वय तथा अनुगमन गर्ने ।

ख) दलितको हक संरक्षण र हित प्रवर्द्धनको लागि स्थानीय स्तरमा प्रचार प्रसार र पैरवी गर्ने ।

ग) दलितको हक संरक्षण र हित प्रवर्द्धनको लागि स्थानीय तहमा देखा परेका बाधा अवरोध निराकरण गर्ने ।

घ) दलितहरु उपरको भेदभाव विरुद्धको कानुन कार्यान्वयन गर्न सहयोग गर्ने, गराउने ।

ङ) दलितको हक संरक्षण र हित प्रवर्द्धनको लागि राष्ट्रिय स्तरमा गर्नुपर्ने कार्यको लागि राष्ट्रिय समन्वय समितिलाई रिपोर्टिङ्ग तथा पृष्ठपोषण गर्ने ।

च) जिल्ला प्रहरी कार्यालय र ईलाका प्रहरी कार्यालयमा दलितको हक संरक्षण र हित प्रवर्द्धनका लागि छुट्टै डेस्क स्थापना गर्ने व्यवस्था मिलाउने ।

छ) सम्वन्धित जिल्ला विकास समिति, नगरपालिका र गाँउपालिकाले दलितको हक संरक्षण र हित प्रवर्द्धनका सम्वन्धमा आ-आफ्नो कार्यक्षेत्र भित्र सञ्चालित गतिविधिहरुको विषयमा छुट्टै अभिलेख राख्ने र जिल्ला समन्वय समिति समक्ष नियमित रुपमा प्रतिवेदन दिने व्यवस्था मिलाउने ।

ज) स्थानीय स्तरमा दलितको हक संरक्षण र हित प्रवर्द्धनका लागि गर्नुपर्ने आवश्यक अन्य कार्य गर्ने ।


## नेपाल प्रहरी र मानव अधिकार संरक्षण

हरेक व्यक्तिको मानव अधिकार संरक्षणमा प्रहरीको महत्वपूर्ण भूमिका हुन्छ । नेपाल प्रहरीको ध्येय अनुसार प्रहरीको सेवा कानुनी राज्यको अवधारणा अनुसार समाजमा प्रभावकारी अपराध नियन्त्रण र अनुसन्धानद्वारा शान्ति स्थापना गर्ने र मानव अधिकारको संरक्षण गर्नु हो । समाजमा सु-व्यवस्था र अपराध नियन्त्रण गर्न नियम कानुनको पालना गर्नु गराउनु प्रहरीको दायित्व हो । नेपाल प्रहरीले कानुनमा भएका व्यवस्थाको सम्मान गरेर र त्यसको पूर्णतः लागू गराएर नागरिकको मानव अधिकारको संरक्षण गर्दछ । उदाहरणका लागि कुनै व्यक्तिलाई अनुसन्धानका लागि पक्राउ पुर्जी देखाएर पक्राउ गर्नु कानुनको सम्मान हो भने कुनै जातीय भेदभाव तथा छुवाछूत, बोक्सीको आरोपमा हुने हिंशा वा घरेलु हिंशाजस्ता अपराधमा पीडितले न्यायका लागि जाहेरी दर्खास्त दिदा तत्काल दर्ता गरी प्रक्रिया अघि बढाउनु कानुनको कार्यान्वयन हो । कानुनका दृष्टिमा सबै समान हुन्छन् भन्ने मान्यतालाई प्रहरीले आत्मसाथ गर्नुपर्दछ ।

## नेपाल प्रहरी मानव अधिकार इकाई

प्रहरीको मानव अधिकार प्रतिको जवाफदेहिता सुनिश्चित गर्न र मानव अधिकारको संरक्षण र प्रवर्द्धनका लागि विशेष काम गर्न वि.सं. २०५९ माघ २ गते नेपाल प्रहरी मानव अधिकार इकाई गठन भएको हो । केन्द्र देखि हरेक जिल्ला, अञ्चल र क्षेत्रीय प्रहरी कार्यालयहरुमा मानव अधिकार इकाई रहने व्यवस्था समेत गरिएको छ । कुनै पनि पद र परिस्थितिलाई नहेरी मानव अधिकार उल्लंघन गर्नेहरुलाई न्यायिक कठघरामा ल्याउने कामलाई यस इकाईले प्राथमिकताको रुपमा राखेको छ ।

नेपालमा जातीय विभेद तथा छुवाछूत सम्वन्धि मुद्दामा फौजदारी कार्यविधिका कदमहरू*



स्रोतः जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐन, २०६८ (UNOHCHR)



## जाहेरी दर्खास्त

सरकारी मुद्दा सम्वन्धि ऐन २०४९ को अनुसूची १ मा उल्लेखित कुनै पनि अपराध कहिकतै भएको वा भइरहेको वा हुन लागेको छ भन्ने थाहा पाउने व्यक्ति जो कसैले उक्त अपराधको जाहेरी दर्खास्त दिन सकिन्छ । सरकारवादी मुद्दा हुने अपराधमा पीडितको न्यायका लागि प्रहरीमा जाहेरी दर्खास्त दिएपछि प्रहरीले जाहेरी दर्खास्तको डायरी नं. १० मा अभिलेख राखेपछि अनुसन्धान प्रक्रिया थाल्दछ । जातीय भदेभाव तथा छुवाछूत, घरेलु हिंशा, बोक्सीको आरोपमा हुने हिंशा लगायतका अपराधहरु सरकारवादी मुद्दा हुन् । यसमा सरकारले पीडितको पक्षबाट मुद्दा लड्नु पर्दछ । प्रहरीले गर्ने अनुसन्धान पूर्ण र निष्पक्ष रुपमा गरेमा पीडितले न्याय पाउने सम्भावना बढ्छ । प्रहरीलाई पूर्ण सूचना र प्रमाण उपलब्ध गराउन हिचकिचाउनु हुँदैन । घटना भएपछि पीडित वा सो बारेमा जानकारी राख्ने व्यक्तिले प्रहरी चौकीमा जाहेरी दर्खास्त दिनुपर्दछ ।

## प्रहरीलाई सूचना दिने

प्रहरीबाट सेवा लिन नागरिकले प्रहरीलाई उजुरी गर्ने र सूचना दिने गर्नुपर्दछ । कुनै समस्यामा फसेको बेला होस् वा कसैले डर धम्की दिएको अवस्थामा होस सहायताको लागि नजिकको प्रहरीलाई सम्पर्क गर्न वा १०० मा फोन गरेर पनि प्रहरीलाई यस्ता कुरा जानकारी गराउन सकिन्छ । प्रहरीलाई सम्पर्क गर्ने टोल फ्री नं. १६६००१४१५१६ हो । यो नम्बरमा फोन गर्दा पैसा लाग्दैन । प्रत्येक जिल्लाका प्रहरी कार्यालयहरूका सम्पर्क नम्बरहरु सार्वजनिक जानकारीमा समेत राखिएको छ ।

### मानव अधिकार संरक्षण सम्वन्धि महत्वपूर्ण केही निकायहरूको सम्पर्क

**राष्ट्रिय दलित आयोग**
जावलाखेल, ललितपुर, काठमाडौं
फोन: ०१-५५३११४८
फ्याक्स: ०१-५५३११४८
ईमेल: info@ndc.gov.np

**राष्ट्रिय मानव अधिकार आयोग**
पुल्चोक, ललितपुर, काठमाडौं
फोन: ०१-५०१००१५
फ्याक्स: ०१-५५४७९७३
ईमेल: nhrc@nhrcnepal.org

**राष्ट्रिय महिला आयोग**
भद्रकाली प्लाजा, काठमाडौं
फोन: ०१-४२५६७०१
फ्याक्स: ०१-४२५०२४६
ईमेल: info@nwc.gov.np

**नेपाल प्रहरी मानव अधिकार इकाई**
नक्शाल काठमाडौं
फोन: ०१-४४११६१८
फ्याक्स: ०१-४४१५५९३
ईमेल: hrcell@nepalpolice.gov.np


### प्रकाशक

**मधेशी दलित विकास महासंघ**
क्षेत्रीय कार्यालय, सप्तरी
फोन: ०३१-५२३३६६५
फ्याक्स:०३१-५२३३६६५
mddfk2062@gmail.com

**राष्ट्रिय दलित नेटवर्क**
कैलाली, धनगढी
फोन: ०९१-५२०६०४
फ्याक्स:०९१-५२०६०४
rdnnepal@yahoo.com

**जागरण मिडिया सेन्टर**
नयाँ बानेश्वर, काठमाडौं
फोन: ०१-५१७२८५१
फ्याक्स: ०१-५१७२६९७
info@jagaranmedia.org.np

**समता फाउण्डेशन**
सानेपा-२, ललितपुर
फोन: ०१-५५२०८५१
फ्याक्स: ०१-५५५४७५२
info@samatafoundation.org

**नेपाल राष्ट्रिय दलित समाज कल्याण संघ**
बखुण्डोल, ललितपुर
फोन: ०१-५५३९९४१, ५५२३६९४
फ्याक्स: ०१-५५५४७५२
nndswo@wlink.com.np

URL: www.dalithumanrights.org.np


# हार्दिक अपिल

*सबैको मानव अधिकार र आत्मसम्मानपूर्ण जीवनका लागि*
घरघरमा मानव अधिकार र समानताको कुरा गरौं !
मानव अधिकारमैत्री समाज र सँस्कृतिको विकास गरौं !!




सबै व्यक्ति जन्मदै अधिकार र आत्मसम्मानमा स्वतन्त्र र समान हुन्छन् ।

## मानव अधिकार भनेको के हो ?

मानव अधिकार प्रत्येक व्यक्तिको जन्मसिद्ध अधिकार हो जुन मानिसलाई मानिस भएका नाताले स्वतः प्राप्त हुन्छ । मानव अधिकार सबैले समान रुपमा उपभोग गर्न पाउने र कसैले खोस्न नसक्ने अधिकारहरु हुन । रंग, जात, जाति, समुदाय, लिङ्ग, सामाजिक उत्पत्ति, धर्म, भाषा, राष्ट्रियता, उमेर, अपाङ्गता वा अन्य कुनै पनि आधारमा विभेदरहित ढङ्गले मानव अधिकार प्रत्येक व्यक्तिको लागि समानरुपले लागू हुन्छ । प्रत्येक मानिसले आत्म सम्मानका साथ बाँच्न पाउनु, सबै सरह समान व्यवहार पाउनु, विचार र अभिव्यक्ति स्वतन्त्रता पाउनु, आफूलाई असर पर्ने विषयको निर्णय गर्ने प्रक्रियामा सहभागी हुन पाउनु, पोसिलो खाना पेटभर खान पाउनु, कमसेकम आधारभूत शिक्षा अनिवार्य र निःशुल्क पाउनु, आधारभूत स्वास्थ्य सेवा पाउनु, पेशा तथा रोजगारी छनोट गर्ने स्वतन्त्रता, आदि मानिसका मानव अधिकार हुन । मानव अधिकार अन्तर्राष्ट्रिय तथा राष्ट्रिय कानुनहरुबाट सुरक्षित गरिएको हुन्छ । मानव अधिकार परिपूर्ति नभएको वा हनन् भएको खण्डमा दाबी गरेर प्राप्त गर्न सकिन्छ ।

## नेपालको संविधानमा सबैको मानव अधिकारका लागि संकल्प

संविधान देशको मूल कानुन हो । संविधान अनुसार नै अन्य कानुन, नियम तथा नीति बन्दछन् । देशका नागरिकका हक अधिकारहरू संविधानमा व्यवस्था गरिएको हुन्छ । बि.सं.२०७२ असोज ३ गते जारी भएको नेपालको संविधानले पनि धारा १६ देखि ४६ सम्मका ३१ वटा धारामा नागरिकको मौलिक हकको व्यवस्था गरेको छ । नेपालको संविधानमा ३५ भाग, ३०८ धारा, र ९ अनुसूची रहेका छन् । यस संविधानको प्रस्तावनामा निम्न संकल्पहरू गरिएको छः

- ❑ राज्य व्यवस्थाले सृजना गरेका सबै प्रकारका विभेद र उत्पीडनको अन्त्य;
- ❑ विविधता विचको एकता, सामाजिक साँस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवं प्रवर्द्धन;
- ❑ वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैंङ्गिक विभेद र सबै प्रकारका जातीय भेदभाव तथा छुवाछूतको अन्त्य;
- ❑ आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण ।

## नागरिकका कर्तव्यहरू

अधिकार र कर्तव्य एउटा सिक्काको दुई पाटा हुन् । नागरिकको मानव अधिकारको सम्मान, संरक्षण र संवर्द्धन गर्ने जिम्मेवारी राज्य र यसका जिम्मेवार संस्थाहरूको हो । जसरी राज्य आफ्ना हरेक नागरिकहरुले आत्मसम्मानपूर्ण जीवन प्राप्त गर्ने वातावरण सृजना गर्न जिम्मेवार छ, त्यसरी नै हरेक व्यक्तिले आफ्नो नागरिक कर्तव्यहरू पुरा गर्नु जरुरी छ ।

नेपालको संविधानको धारा ४८ मा व्यवस्था गरिएका नागरिक कर्तव्यहरू ४ वटा छनः

क) राष्ट्रप्रति निष्ठावान हुँदै नेपालको राष्ट्रियता सार्वभौमसत्ता र अखण्डताको रक्षा गर्नु,

ख) संविधान र कानुनको पालना गर्नु,

ग) राज्यले चाहेको बखत अनिवार्य सेवा गर्नु,

घ) सार्वजनिक सम्पतिको सुरक्षा र संरक्षण गर्नु ।

## राष्ट्रिय मानव अधिकार आयोग

राष्ट्रिय मानव अधिकार आयोग वि.सं. २०५७ साल जेठ १३ गते स्थापना भएको हो । नेपालको संविधानको भाग–२५ को धारा २४८ र २४९ मा राष्ट्रिय मानव अधिकार आयोग सम्पन्धि व्यवस्था गरिएको छ । यस आयोगमा अध्यक्ष र चार सदस्यहरू सहित पाँच जना ६ वर्षका लागि नियुक्त हुन्छन् । नेपालको मानव अधिकारको सम्मान, संरक्षण र संवर्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्नु राष्ट्रिय मानव अधिकार आयोगको कर्तव्य हो ।

'सबैका लागि घर-घरमा मानव अधिकार' को मूल मर्मलाई आत्मसात गर्दै यही नै शान्ति र विकासको आधार हो भन्ने मान्यताका साथ मानव अधिकार सँस्कृतिको विकास गर्ने राष्ट्रिय मानव अधिकार आयोगको दूरदृष्टि रहेको छ ।

राष्ट्रिय मानव अधिकार आयोगले मानव अधिकार राष्ट्रिय कार्ययोजनाको कार्यान्वयन अवस्थाको स्वतन्त्र रुपमा अनुगमन गर्दछ । कुनैपनि नागरिकले आफ्नो अधिकारको हनन् भएमा आयोग समक्ष उजुरी गर्न सक्दछन् । आयोगले मानव अधिकारको उल्लंघनका घटनामा अनुसन्धान गर्ने, पीडितलाई उद्धार गर्ने, पीडितलाई कानुन बमोजिम क्षतिपूर्ति दिन आदेश दिने जस्ता अधिकार प्रयोग गर्न सक्दछ । मानव अधिकार आयोगले मानव अधिकार उल्लंघनका घटनामा अन्य आयोगहरुसँग पनि मिलेर काम गर्दछ ।

राष्ट्रिय मानव अधिकार आयोगको केन्द्रीय कार्यालय हरिहरभवन, ललितपुरमा छ । हाल यसका ५ वटा क्षेत्रीय कार्यालय र उप–क्षेत्रीय कार्यालयहरू समेत रहेका छन् ।

## राष्ट्रिय दलित आयोग

राष्ट्रिय दलित आयोगको स्थापना बि.सं. २०५८ साल चैत्र ६ गते भएको हो । दलित समुदायका हक अधिकार संरक्षण र प्रवर्द्धन तथा जातीय भेदभाव तथा छुवाछूतको अन्त्यका लागि कार्य गर्न राष्ट्रिय दलित आयोगको स्थापना भएको हो । नेपालको संविधान अनुसार राष्ट्रिय दलित आयोग संबैधानिक आयोग हो । संविधानको धारा २५६ मा राष्ट्रिय दलित आयोग सम्वन्धि व्यवस्था गरिएको छ । आयोगमा अध्यक्ष र अन्य चार जना सदस्य ६ वर्षका लागि नियुक्त हुने व्यवस्था छ ।

'जातीय छुवाछूत, उत्पीडन र विभेदको अन्त्यका लागि राष्ट्रिय नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यान्वयनका लागि नेपाल सरकार समक्ष पेश गर्ने र दलित समुदायको अधिकारसँग सम्बन्धित कानुनको प्रभावकारी कार्यान्वयन भए वा नभएको अनुगमन गरी नेपाल सरकारलाई सुझाव पेश गर्ने' सहितका कामलाई राष्ट्रिय दलित आयोगको मुख्य कामको रुपमा संविधानमा व्यवस्था गरिएको छ ।

जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐन, २०६८ को कार्यान्वयनका लागि पनि राष्ट्रिय दलित आयोगको महत्वपूर्ण भूमिका छ । जातीय भेदभाव तथा छुवाछूतका घटनाका पीडितको उजुरी प्रहरीले नलिएमा दलित आयोग मार्फत समेत उजुरी गरी पीडित न्याय खोज्न सक्दछन ।

राष्ट्रिय दलित आयोगको कार्यालय हाल जावलाखेल, ललितपुरमा छ । संविधान अनुसार राष्ट्रिय दलित आयोगले आवश्यकता अनुसार प्रदेशमा समेत आफ्नो कार्यालय स्थापना गर्न सक्नेछ ।

## राष्ट्रिय महिला आयोग

राष्ट्रिय महिला आयोगको स्थापना बि.सं. २०५८ साल फाल्गुण २३ गते भएको हो । महिलाको अधिकार र हितको संरक्षण र प्रवर्द्धन गरी उनीहरुलाई विकासको मूल प्रवाहमा प्रभावकारी रुपमा समावेश गर्नु यसको मुख्य उद्देश्य हो । नेपालको संविधानको धारा २५३ मा राष्ट्रिय महिला आयोग सम्वन्धि व्यवस्था छ ।

महिलाको हक-हितसँग सरोकार राख्ने नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यान्वयनका लागि नेपाल सरकार समक्ष पेश गर्ने, महिलाको हक-हितसँग सम्बन्धित कानुन वा नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि वा सम्झौता अन्तर्गतको दायित्व कार्यान्वयन भए वा नभएको विषयमा अनुगमन गरी त्यसको प्रभावकारी पालन वा कार्यान्वयनको उपाय सहित नेपाल सरकारलाई सुझाव दिने जस्ता काम महिला आयोगले गर्दछ ।

## मानव अधिकार राष्ट्रिय कार्ययोजना के हो ?

नेपालले मानव अधिकारको सम्मान, संरक्षण र प्रवर्द्धनका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा गरेका प्रतिवद्धताहरुको कार्यान्वयनका लागि आर्थिक वर्ष २०६१/०६२ देखि मानव अधिकार राष्ट्रिय कार्ययोजना बनाई कार्यान्वयन गर्न थालेको छ । हाल चौथो राष्ट्रिय कार्ययोजना (आर्थिक वर्ष २०७१/७२ देखि २०७५/७६) कार्यान्वयनमा रहेको छ । राष्ट्रिय कार्ययोजना बनाउने मुख्य निकाय प्रधानमन्त्री कार्यालय हो । मानव अधिकार राष्ट्रिय कार्ययोजनाले मानव अधिकारको संरक्षण र प्रवर्द्धन गर्न क्रियाशिल सबै सरकारी तथा गैरसरकारी निकायहरूका लागि समेत मार्गनिर्देश गर्दछ ।

चौथो राष्ट्रिय मानव अधिकार कार्ययोजनाका विशेष उद्देश्यहरू निम्न छन् :

१) मानव अधिकार प्रतिको प्रतिबद्धतालाई व्यवहारिक रूपमा सुनिश्चित गर्ने,

२) राष्ट्रिय र अन्तर्राष्ट्रिय दायित्व कार्यान्वयन गर्ने,

३) मानव अधिकारलाई विकासका मुद्दाहरूसँग संरचनागत र कार्यात्मक रूपले जोड्ने,

४) मानव अधिकार सँस्कृतिको विकास गर्ने ।

राष्ट्रिय मानव अधिकार कार्ययोजनामा आम नेपाली जनताको मानव अधिकार संरक्षण र प्रवर्द्धन गर्न शिक्षा, स्वास्थ्य, रोजगारी, खाद्य सुरक्षा, मानव अधिकार शिक्षा, समावेशी विकास, सामाजिक सेवा र सुरक्षा, लगायतका १८ वटा विषय तथा क्षेत्रहरु पहिचान गरिएका छन् ।

जिल्ला स्तरमा यो कार्ययोजनाको कार्यान्वयन र समन्वयका लागि प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा 'मानव अधिकार राष्ट्रिय कार्ययोजना जिल्ला स्तरीय समन्वय तथा कार्यान्वयन समिति' रहने व्यवस्था छ । समितिको बैठक प्रत्येक ३ महिनामा बस्नु पर्दछ । उक्त समितिले प्रत्येक तीन महिनामा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा प्रतिवेदन बुझाउनु पर्दछ ।

## जातीय भेदभाव र छुवाछूत अन्त्य तथा दलित अधिकार प्रवर्द्धन सम्वन्धि कार्यविधि, २०७३

नेपाल सरकारले जातीय भेदभाव र छुवाछूत अन्त्य तथा दलित अधिकार प्रवर्द्धन सम्वन्धि कार्यविधि, २०७३ जारी गरेको छ । यो कार्यविधि नेपालले अनुमोदन गरेको जातीय भेदभाव उन्मुलन सम्वन्धि अन्तर्राष्ट्रिय महासन्धी १९६५, नेपालको संविधानको धारा २४ मा उल्लेखित छुवाछूत र भेदभाव विरुद्धको मौलक हक तथा जातीय भेदभाव र छुवाछूत (कसूर र सजाय) ऐन, २०६८ को मर्म अनुरुप जारी भएको छ । यस कार्यविधिले जातीय भेदभाव र छुवाछूत अन्त्य तथा दलित अधिकार प्रवर्द्धनका लागि उच्चस्तरीय तथा सर्वपक्षीय सहभागिता बढाउन खोजेको छ । यसले जातीय भेदभाव र छुवाछूत अन्त्य तथा दलित अधिकार प्रवर्द्धनका लागि केन्द्र देखि स्थानीय स्तरसम्म संयन्त्रहरु निर्माण गर्ने र ती संयन्त्रहरुको काम, कर्तव्य र अधिकारकाहरु स्पष्ट गरेको छ ।

केन्द्रीय स्तरमा प्रधानमन्त्रीको संयोजकत्वमा एक उच्चस्तरीय समिति रहेको छ । यस समितिले जातीय भेदभाव तथा छुवाछूतको अन्त्य सम्वन्धि राष्ट्रिय कार्ययोजना तर्जुमा र कार्यान्वयनका लागि नेपाल सरकार तथा केन्द्रीय समन्वय समिति, सम्वन्धित मन्त्रालय तथा निकायहरुलाई आवश्यक निर्देशन तथा सुझाव प्रदान गर्दछ ।

केन्द्रीय स्तरमा नै मुख्य सचिवको संयोजकत्वमा केन्द्रीय समन्वय समिति रहने व्यवस्था छ । यस समितिले जातीय भेदभाव तथा छुवाछूतको अन्त्यका लागि नीतिगत बिषयमा उच्चस्तरीय समितिलाई सल्लाह तथा सुझाव दिने, कार्ययोजना अनुगमन तथा मुल्यांकन गर्ने, लगायत जिल्ला समन्वय समिति तथा सम्बन्धित निकायलाई आवश्यक निर्देशन प्रदान गर्ने जस्ता महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्दछ ।

जिल्लास्तरको संयन्त्रका रुपमा प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा जिल्ला समन्वय समिति गठन हुन्छ । यसमा स्थानीय विकास अधिकारी, जिल्ला शिक्षा अधिकारी, जिल्ला जनस्वास्थ्य प्रमुख, जिल्ला प्रहरी प्रमुख, जिल्ला सरकारी वकिल, महिला विकास अधिकृत, नेपाल बार एशोसिएनका जिल्ला अध्यक्ष, संयोजकले मनोनयन गरेका जिल्लास्थित दलित अधिकार तथा सामाजिक क्षेत्रमा क्रियाशिल संघ-संस्थाका प्रमुखहरु मध्ये कम्तीमा तीन जना महिला सहित ५ जना सदस्यहरु र जिल्ला विकास समितिको योजना अधिकृत सदस्य-सचिव रहने व्यवस्था गरिएको छ ।